# जनाजाको बिदअतहरूबारे महत्वपूर्ण फतवाहरू

[ नेपाली - Nepali - نيبالي ]

अनुवादकः

अतीकुर्रहमान मो.इदरीस खान मक्की

2013 - 1434

IslamHouse.com

# الفتاوى المهمة في بدع الجنائز

« باللغة النيبالية »

مقتبسة من (مجموع فتاوى اللجنة الدائمة)

ترجمة:

عتيق الرحمن محمد إدريس خان مكي

2013 - 1434

IslamHouse.com

**بسم الله الرحمن الرحيم**

الحمد لله و الصلاة و السلام على نبينا محمد و على آله و صحبه أجمعين

सम्पूर्ण प्रशंसा अल्लाहको लागि हो । र दरूदो सलाम उनका दूत महुम्मद् र उनका परिवार र साथीहरु माथि होस्।

**सर्वाधिकार अनुवादकमा सुरक्षित छ ।**

**पुस्तक पाइने ठेगाना -:**
**इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका**
**व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)**
**सम्पर्क नं. ००९७७-९८४७०३०७८०**
**९७२७६४९२३८**

# अनुवादकको विचार

अलहम्दो लिल्लाहे नहमदोहु व नस्तईनोहु व नस्तगफिरहु व नऊजो बिल्लाहे मिन शोरूरे अनफोसेना व मिन सईयाते आमालेना, मैंयहदेहिल्लाहो फलामोजिल्ला लहु व मैंयुजलिल्हो फला हादिया लहु व अश्हदोअल्लाइलाहा इल्लल्लाहो व अश्हदो अन्ना मोहम्मदन् अब्दहु व रसूलहु। (अम्मा बअ्द)

हरेक प्रकारको प्रशंसा अल्लाहको लागि छ जसले सर्म्पूण ब्रह्माण्डलाई उत्पन्न गऱ्यो, र अल्लाहको शान्ति अवतरित होस् अन्तिम संदेष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम र उहाँको घर परिवार र साथीहरू माथि र उनी सबैहरू माथि जुन यस इस्लामको प्रचार प्रसार गरे र मुहम्मदको पद्धतिलाई उत्तम मानी उसै माथि हिंडी आफ्नो जीवन व्यतीत गरे।

प्रस्तुत पुस्तकमा मैले जनाजा ( मृतक, शव ) माथि गरिने केही बहुचर्चित बिदअतहरूको वर्णन गरेको छु जुन सउदी अरबका महान विद्वानहरूको उदगार हो, र यो फतावाहरू (उदगारहरू) मैले सउदी अरबका विद्वानहरूको श्रंख्ला “ मजमूअ फतावल् लजनतु द्दाइमा”बाट लिएको छु। मलाई आशा छ कि यो सानो प्रयास तपाईहरूको लागि उपयोगी हुनेछ।

मेरो अल्लाहसित र्प्राथना छ कि हे अल्लाह यस पुस्तकबाट र्सवसृष्टिलाई लाभ पुऱ्याई मलाई आफ्नो कृपाको पात्र बनाऊ र मेरो घरपरिवारका सबै सदस्यलाई र्स्वग प्रदान गर। (आमीन)

**अनुवादक**
**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**
**कपिलवस्तु नगरपालिका वार्ड न.९ महुवा**
**तौलिहवा कपिलवस्तु नेपाल**
**मो.नं. ००९७७–९८४७०३०७८०**
**Mob.00977-9847030780**

बिस्मिल्लाहिर्रहमानिर्रहीम

प्रश्न :- के मृतकका आफन्तीहरूले कुरआन पढेमा वा कुनै पूजा अराधना गरेमा मृतकलाई पुण्य पुग्छ वा पुग्दैन यो विषयलाई प्रष्ट पार्ने अनुरोध छ ?

उत्तर :- हाम्रो नबी सल्लल्लाहो अलैहे वसल्लम सित यस्तो कुनै पुष्टिकरण प्रमाणित छैन कि उहाँले कुरआन पढेर कसैलाई त्यसको पुण्य अर्पण गर्नुभएको होस् , चाहे त्यो उहाँको नातेदार हुन् वा अरु कोही हुन् । तर यदि आफूले पढेको कुरआनको पुण्य कसै आर्कालाई पुग्थ्यो भने उहाँले अवश्य यस्तो गर्नु हुन्थ्यो, र आफ्नो उम्मत र अनुयायीहरूलाई अवश्य जानकारी गराउनु हुन्थ्यो ताकि उहाँको उम्मतीहरू आफ्ना मृतकहरूलाई लाभ पुऱ्याउन् । तर तपाईले यस्तो गर्नुभएन जसको अर्थ भयो कि यस्तो गर्नु कदापि जायज छैन । र यस्तै उहाँका साथीहरूले पनि उहाँको पद्धतिमा हिंडी जीवन व्यतीत गरे, र उनीहरू मध्ये कसैले पनि कुरआनको पुण्य कसै आर्कोलाई अर्पण गर्नुभएन । र हामीहरूको लागि समस्त प्रकारका भलाईहरू उहाँ सल्लल्लाहो अलैहे वसल्लम र उहाँका साथीहरूको अनुशरण गर्नुमा नै नीहित छ । र धर्ममा कुनै प्रकाको नौलो कार्यलाई अविष्कार गर्नुमा हाम्रो नै घाटा छ । यसर्थ हामी विदअत गरी पथविचलनमा नपरौं किनकी रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

अर्थ : जसले पनि हाम्रो यस धर्ममा कुनै नयाँ कार्य अविष्कार गऱ्यो जुन यस धर्म मध्येको होइन त त्यो कार्य अमान्य र अस्वीकृत छ । ( बुखारी, मुस्लिम )

र आर्को हदीसमा छ :

अर्थ : सावधान ! नौलो कुरा अविष्कार गर्नुबाट बच, किनकी प्रत्येक नौलो कुरा विदअत हो, र प्रत्येक विदअत पथभ्रष्टता हो ।

यसले गर्दा मृतकको लागि कुरआन पढनु र त्यसको पुण्य मृतकलाई अर्पण गर्नु जायज छैन, बरु यो विदअत हो ।
र बाँकी रह्यो अरु अल्लाहसित नजिक गर्ने कार्यहरू जसरी दान, हज्ज, दुआ आदि त जसमाथि कुरआन हदीसबाट प्रमाण छ त्यो जायज छ, जसरी मृतकको लागि दुआ गर्नु, हज्ज गर्नु, दान दिनु आदि । तर जसमाथि कुरआन हदीसबाट कुनै प्रमाण छैन त्यो जायज छैन जसरी कुरआनको पुण्य कसैलाई अर्पण गर्नु आदि ।
उपरोक्तका कुराहरूबाट यो सिद्ध भयो कि मृतकको लागि कुरआन पढनु जायज छैन । अल्लाह हामी सबैलाई यस्तो कार्यहरूबाट टाढा राखुन् ( आमीन ) ( फतवा नं. २२३२ )
प्रश्न :- जनाजाको नमाज पश्चा सामूहिक दुआ गर्नुमा विद्वानहरूको दुई वर्गहरू छन् एउटाको भनाई छ कि सामूहिक दुआ जायज छैन किनकी रसूल सल्लल्लाहो अलैहे वसल्लम र उहाँका साथीहरूबाट यो प्रमाणित छैन, त आर्को समूहको कथन छ कि सामूहिक दुआगर्नु जायज मात्र होइन बरु सुन्नत हो, हजूरसित अनुरोध छ कि सत्य कुरो प्रष्ट पार्नुस् ?
उत्तर :- दुआ पूजाहरू मध्ये एउटा पूजा हो, र पूजाहरू तौकीफी ( अर्थात : यस्ता प्रमाणित कुराहरू हुन् जसमा कुनै मान्छे पनि थप घट गर्न सक्दैन ) हुन्छन्, तसर्थ कसैको लागि यो जायज छैन कि त्यो यस्तो तरिकाले पूजा गरोस् जुन वैधानिक नहोस् अर्थात जसलाई अल्लाह र अल्लाहका रसूलले गर्ने आदेश नदिएका हुन् । र रसूल सल्लल्लाहो अलैहे वसल्लम सित यो प्रमाणित छैन कि उहाँले आफ्नो कुनै साथीको जनाजामा नमाज पश्चात सामूहिक दुआ गर्नुभए छ, बरु उहाँको फर्मान छ कि " आफ्नो भाइको लागि क्षमाको दुआ गर र अल्लाहसित उसलाई सुदृढ रहने याचना गर किनकी यस समय त्यसबाट सोध्पूछ हुनेछ " ।

त उपरोक्त कुराहरूबाट यो प्रष्ट हुन्छ कि सत्य कुरो यो हो कि नमाजे जनाजा पश्चात सामूहिक दुआगर्नु जायज छैन बरु यो बिदअत हो । ( फतवा नं. २२५१ )

प्रश्न :- धेरै मान्छेहरू भन्छन् कि मृतकलाई मृत्यु पश्चात मूलमन्त्रको आश्वासन दिनु हराम छ किनकी रसूल सल्लल्लाहो अलैहे वसल्लमले यस्तो गरेका छैनन् के यो कुरो सत्य हो ?

उत्तर :- हाँ, मृतकलाई दफनाए पश्चात मूलमन्त्रको आश्वासन दिनु बिदअत हो, किनकी रसूल सल्लल्लाहो अलैहे वसल्लमले यस्तो गर्नुभएन र नत रसूल सल्लल्लाहो अलैहे वसल्लमका साथीहरूले यस्तो गरे नत खुलफाए राशेदीन ( रसूल सल्लल्लाहो अलैहे वसल्लमका सुमार्गी प्रतिनिधिहरू )ले यस्तो गरे । बरु लाइलाहा इल्लल्लहको आश्वासन ज्यान निस्कने अवस्थामा दिइन्छ, जस्तो कि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

अअर्थ : आफ्नो मृतकहरूलाई लाइलाहा इल्लल्लाहको आश्वासन देऊ । ( मुस्लिम )

र मृतकको अर्थ हो मान्छेको ज्यान निस्कने समय वा जसको मृत्यु नजिक आई पुगेको होस् । जस्तो कि विद्वानहरूले यस हदीसको व्याख्यामा उल्लेख गरेका छन् । ( फतवा नं. ७४०८ )

प्रश्न :- के जनाजाको साथ तकबीर तहलील ( अल्लाहको गुणगान ) गर्दै हिंडनु जायज छ ? र के मृतकको शवलाई चिहानमा राखेपछि अजान दिनु जायज छ ?

उत्तर :- रसूल सल्लल्लाहो अलैहे वसल्लमबाट यो प्रमाणित छैन कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले कुनै जनाजाको साथ तकबीर तहलील गर्दै जानु भएछ र नत शवलाई चिहानमा राखे पश्चात अजान नै भन्नु भएछ । र यस्तो गर्नु रसूल सल्लल्लाहो अलैहे वसल्लमका साथीहरूबाट पनि प्रमाणित छैन । तसर्थ यो कार्य बिदअत हो र यस्ताकार्यहरू

अस्वीकृत छन् जस्तो कि रसूल सल्लल्लाहो अलैहे वसल्लमको भनाई छ :

अर्थ : जसले पनि हाम्रो यस धर्ममा कुनै नयाँ कार्य अविष्कार गऱ्यो जुन यस धर्म मध्येको होइन त त्यो कार्य अमान्य र अस्वीकृत छ । ( बुखारी, मुस्लिम ) ( फतवा नं. ५७८२ )

प्रिय भाइहरू ! उपरोक्तको फतवाहरूबाट यो सिद्ध भयो कि उपरोक्तमा वर्णन गरिएका कुराहरू बिदअत हुन् , र यो सबै कार्यहरू हाम्रो समाज र हाम्रो देश नेपालमा गरिन्छ, यसर्थ सावधान भइजानुस् यस्ता सम्पूर्ण क्रियाकलापहरू अवैध छन् यसलाई गरी आफ्नो क्रम कुन्डलीलाई खेर नपार्नु होस् । र सके सम्म आर्कोलाई पनि सत्य कुराबाट अवगत गराउनु होस् र सबैलाई सुन्नत बमोजिम कार्य गर्ने निमन्त्रण दिनु होस् । र सर्वप्रथम आफना आफन्तहरूलाई यो सत्य कुराको जानकारी गराई आफ्नो र उनीहरूको परलौकिक जीवनलाई आनन्दमय बनाउनु होस् ।

मलाई आशा छ कि मेरो यो सानो प्रयास तपाईहरूको लागि लाभदायक होला । र अल्लाह तआला यस सानो लेखद्वारा तपाईहरूलाई सत्य पथमा लगाउने छ र तपाईहरूलाई बिदअत जस्तो घातक कार्यहरूबाट टाढा राख्ने छ ।

अन्तमा मेरो अल्लाहसित प्रार्थना छ कि अल्लाह हामी सबैलाई इस्लामीय विधानको ज्ञान प्रदान गरुन् र हामीलाई त्यस माथि हिंडन शक्ति प्रदान गरी स्वर्गको अधिकारी बनाउन् , र हामी मध्ये जुन पथ विचलनमा परेका छन् उनीहरूलाई सुमार्गी बनाउन् , र हामी सबैलाई यस्तो कार्य तिर लगाउन् जसबाट लोक परलोकको कल्याण होस्, ( आमीन )

र हामी मध्ये जुन माथि कुनै कष्ट आईपरेको छ तिनीहरू माथि आफ्नो अपार अनुग्रहले कृपा गरी उनीहरूको कष्टलाई दूर गरुन् , र हाम्रा जुन भाइहरूलाई कुनै विरामीले व्याकुल

गरेको छ त्यसलाई संचो पारुन् , र हाम्रा नि:संतान भाइबहिनीहरूलाई आफ्नो अपार शक्तिले संतान प्रदान गरुन, र हाम्रा बाबु बाजे आमा र हाम्रा संतानहरूलाई स्वर्गको बाटोमा लगाई सबैलाई स्वर्ग प्रदान गरुन् , र हामी मध्येका जुन भाइबहिनीका आमा बाबुको स्वर्गबास भइसकेको छ अल्लाह उनी सबैको पापलाई क्षमा गरी स्वर्गमा स्थान प्रदान गरुन् ।

(**आमीन**)

# *समाप्त*

*अनुवादक*

**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**

**कपिलवस्तु नगर पालिका वॉड नं.९**

**महुवा तौलिहवा कपिलवस्तु**

**नेपाल**

Mob. No.00977-9847030780

00966-0501372254